नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं

# प्रेस विज्ञप्ति

मितिः २०७८।०१।३१

ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था बमोजिम उक्त माध्यमबाट हुने खरिदमा एकरूपता कायम गर्न यस कार्यालयबाट तयार भएको "*ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८*" सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७८।०१।१९ गते स्वीकृत भएको छ । उक्त निर्देशिकामा सार्वजनिक निकायले ठूला र जटिल प्राविधिक क्षमता आवश्यक पर्ने आयोजना उक्त माध्यमबाट खरिद गर्न सक्ने, सो को योग्यताको आधार, मूल्याङ्कन र छनोटका आधार, ड्रईङ्ग तथा डिजाइन, गुणस्तर नियन्त्रण तथा गुणस्तरको सुनिश्चता, भुक्तानीको व्यवस्था, वारेन्टी, मर्मत संभार एवं संचालन व्यवस्था लगायतका विषयहरु समाविष्ट रहेका छन् । सो निर्देशिका अनुरुप नमूना बोलपत्र सम्बन्धी कागजातको मस्यौदा तयार गर्न कार्यालयले सरोकारवाला निकायको प्रतिनिधि र सम्बन्धित क्षेत्रका विज्ञ समेत रहने गरी यस कार्यालयको मिति २०७८।०१।२६ को निर्णय अनुसार समिति गठन भै सो समितिले मस्यौदा गरी यस कार्यालयमा पेश गरेको Bidding Document for The Procurement of Works (EPC Contract) NCB र Bidding Document for The Procurement of Works (EPC Contract) ICB जारी गरी सार्वजनिक निकायलाई जानकारी सहित कार्यान्वयनका लागि यस कार्यालयको Website मार्फत सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

सुशील ढकाल

सहसचिव/प्रवक्ता